शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**५९ औ बैठक**

आज मिति २०७६ साल कार्तिक महिनाको ५ गते मंगलबारका दिन विहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिती</u> :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

Scanned by CamScanner

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री देव बहादुर अधिकारी , प्रमुख प्रशासकिय अधिकृत एव्म सचिव (नगर कार्यपालिका)

अन्य उपस्थिती :

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल , प्रशासन शाखा प्रमुख

ई. श्री तारापती भट्टराई, पूर्वाधार विकास शाखा प्रमुख

ई. श्री उत्तम थापा, नक्सा शाखा प्रमुख

Scanned by CamScanner

**निर्णय नं. १ :**

फोहोरमैला व्यवस्थापनका लागि गठित कार्यदलको मिति २०७६।६।९ गतेको बैठकले गरेको सिफारिश बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्न दक्ष परामर्शदाता संस्था नियुक्ति गर्ने, परामर्शदाताको सल्लाह वमोजिम स्थानीय उपभोक्ता वा संस्था (Local Partner) को समेत सहभागितामा संरचना निर्माण गरी फोहोर व्यवस्थापन गर्ने, फोहोरमैला व्यवस्थापनका लागि विनियोजित रकमबाट परामर्शदाताको लागि रु ८ लाख विनियोजन गर्ने र परमर्शदाताको नियुक्तिको लागि यथाशिघ्र कार्य अघि बढाउने ।

**निर्णय नं. २ :**

यस नगरपालिका भित्र रहेका केही विद्यालयका व्यवस्थापन समिति गठन गर्न असहज भएकोले शुक्लागण्डकी नगर शिक्षा नियमावली २०७४ लाई देहाय बमोजिम संशोधन गर्ने :

क.नगर शिक्षा नियमावलीको नियम २७ को उपनियम २ पछि उपनियम २ क अनुसार दुई पटकको अभिभावक भेलाबाट समेत अध्यक्ष पदको छनोट हुन नसकेमा वडा शिक्षा समितिले आवश्यक प्रक्रिया पुरा गरी टुङ्गो लगाउने ।

ख.नगर शिक्षा नियमावली २०७४ को नियम २९ खण्ड (ङ) पछि देहायको खण्ड च र छ थप गर्ने

अ. खण्ड च : कुनै विद्यालय वा कार्यालय वा संगठित सस्थाको कर्मचारी पदमा बहाल रहेको

आ. खण्ड छ : अध्यक्ष पदका लागि कम्तीमा विद्यालयमा सञ्चालन भएको कक्षा बराबरको शैक्षिक योग्यता भएको व्यक्तिको उमेदवारी नभएमा अन्य व्यक्तिलाई छनोट गर्न सकिने ।

**निर्णय न ३ :**

आ.ब २०७६/७७ का निम्ति देहायका घाटहरुमा ढुंगा गिट्टी बालुवा उत्खन्न तथा संकलनको कर संकलनको ठेक्काका लागि आव्हान गरिएको सूचना वमोजिम पर्न आएका वोलपत्रहरुको मुल्याकंन गर्न गठित वोलपत्र मूल्यांकन समितिको सफारिश वमोजिम सूचनामा तोकिएको शर्त पुरा गरेका सवैभन्दा वढी रकम कवोल गर्ने देहायका वोलपत्रदाताहरुको वोलपत्र स्वीकृत गर्ने :

| सि.न | ठेक्का न | घाट | फर्म | कवोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | ३ | हलेदी | तामांग वल्क उद्योग प्रा.लि. | ५११११११.०० |
| २ | ४ | तालवेसी | कालीगण्डकी कंक्रिट एण्ड वल्क उद्योग | ३११११११.०० |
| ३ | ५ | साखर ज्ञ | समुन्द्र कन्स्टक्सन | ५३००५००.०० |
| ४ | ६ | सुरौदी देभान | दयासार निर्माण सेवा | ८१००६६६.०० |
| ५ | ७ | किमलडाडा ख | धुव लक्ष्मी कन्स्ट्रकसन कं. | ९२०००००.०० |

प्रमुख

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ६ | ८ | किमलडाडा क | धुव लक्ष्मी कन्स्ट्रकसन कं. | ४२०००००.०० |
| ७ | ९ | दुरदुरे घाट | सावित्री निर्माण सेवा | १२९५०५००.०० |
| ८ | १० | क्यांदी दोभान | देवी कन्स्ट्रक्सन प्रा लि. | ८०५०००.०० |
| | | **जम्मा** | | ४८७७८८८८.०० |

**निर्णय नं ४ :**

राष्ट्रिय योजना आयोगको मिति २०७६।६।७ मा प्रकाशित प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना वमोजिम यस नगरपालिकाको निम्न आयोजनालाई समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ वमोजिम सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्ने ।

| क्र.स | योजनाको नाम | स्थान | अनुमानित लागत |
|---|---|---|---|
| १ | कृषि उपज संकलन तथा वितरण केन्द्र | शु.न.पा ५ बेलचौतारा (साझा भवन रहेको स्थान) | |

**निर्णय नं. ५ :**

यस नगरपालिकामा विश्व वैंकको आर्थिक सहयोगमा सञ्चालन हुने सडक आयोजनाहरुको विगतमा नै छनौट भैसकेको दुलेगौडा- हर्कपुर सडक गण्डकी प्रदेशबाट निर्माणको क्रममा रहेकोले उक्त सडकको सट्टामा देहायका सडक योजनालाई प्राथमीकताका आधारमा सिफारिस गरी पठाउने :

१. दुलेगौडा- साखे- थुम्कीडाडा हुदै पुलतीवजार स्याङजा जोड्ने मोटरमार्ग
२. खैरेनीटार-तिनखोले-,वयाम-राङदी हुदै मनकौरी मोटरमार्ग जोड्ने पर्यटनमार्ग
३.पुल्चोक-किमलडाडा-लोकदीटार-जरेवर हुदै हरिनाश स्यागजा जोड्ने मोटरमार्ग

**निर्णय नं. ६ :**

शुक्लागण्डकी नगरपालिका भित्र संचालनमा रहेको वर्थिङ सेन्टरको २४ घण्टे सेवामा कार्यरत रहेका अ.न.मी कर्मचारीलाई जम्मा रकम रु ५,३२,०००। सशर्त शिर्षकमा विनियोजन भै प्राप्त हुन आएको तर साविकमा खाईपाई आएको (गत अ.व. २०७५/७६) दिईएको स्केल वमोजिमको सुविधा (पोषाक भत्ता समेत) उपलव्ध गराउद नपुग हुने रकम रु ६,२०,८४०। आन्तरिक आयबाट बेहोर्ने गरी वनीयोजन गर्ने ।

प्रमुख

Scanned by CamScanner

**निर्णय नं. ७**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले मिति २०७६।२।६ मा प्रकाशित गरेको राजपत्र वमोजिम अव्यवस्थित वसोवासीहरुको नाममा जग्गा दर्ता गर्ने सम्वन्धि आदेश, २०७६ वमोजिम अव्यवस्थित वसोवासी भनि समितिको कार्यालयलाई वडा कार्यालयले सिफारिश गर्दा हाललाइ कुनै सिफारिश शुल्क नलिने तर जग्गाधनी पूर्जा पाउने निश्चित भएपछि कार्यपालिका बैठकमा निर्णय गरि थप शुल्क लिने ।

**निर्णय नं. ८ :**

वडा नं. ३ को वडा कार्यालय भवन निर्माण गर्दा छुट भएको भऱ्याङ्ग छोप्न कार्यको लागि ल.ई. वमोजिमको रु १६५०००। आन्तरिक आयबाट विनियोजन गर्ने ।

**निर्णय नं. ९ :**

विभिन्न समिति तथा शाखाहरुबाट तयार गरि स्वीकृतिका लागि पेश हुन आएका देहाय वमोजिमका कार्यविधिहरुलाई थप अध्ययन गरि परिमार्जन सहित कार्यपालिका बैठकमा प्रस्तुत गर्न विधायन समितिमा पठाउने:

क. शुक्लागण्डकी नगरपालिका, लेखा समिति कार्यविधि, २०७६
ख. शुक्लागण्डकी नगरपालिकाको तालिम ,गोष्ठी, कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धि निर्देशिका,२०७६
ग. शुक्लागण्डकी नगरपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६
घ. शुक्लागण्डकी नगरपालिकाको उर्जा विकास सम्वन्धी निर्देशिका, २०७६

**निर्णय नं. १० :**

नगरपालिका भित्रका निर्माण हुदै गरेका र निर्माण सम्पन्न भैसेकेका घरहरुको नक्सा पास तथा घर कायम गर्ने कार्यलाई व्यवस्थित गर्न देहय वमोजिम गर्ने ।

क. साविक गाविसमा घर निर्माणको स्वीकृति लिई घर निर्माण गरको हकमा स्वीकृत गरे वमोजिम मात्र निर्माण गरेको भए दस्तुर वुझाएको प्रमाण हेरी घर नक्सा किताव भर्न लगाई प्रति तलाको रु १०००। का दरले दस्तुर लिई घर सम्पन्न प्रमााण पत्र दिने तर स्वीकृत गरे भन्दा कम वा वढी निर्माण गरको भए घर कायमको प्रक्रिया वमोजिम गर्ने ।

ख. विगतमा घर कायमका लागि सूचना आव्हान भएको समयमा तत्कालिन अवस्थामा तोकिएको दस्तुर वुझाएका तर विभिन्न कारणले घर कायम हुन नसकेका घर धनीहरुले तोकिएको दस्तुर वुझाएको प्रमाण हेरी हाल घर कायम गर्दा तोकिएको प्रचलित दर वमोजिम नपुग हुने रकम मात्र दस्तुर लिने र नगर सभाको निर्णय वमोजिम मात्र जग्गा धनीपूर्जामा निर्माण भएका घर कायम गर्ने ।

प्रमुख

Scanned by CamScanner

ग. नगरपालिकामा घर नक्सा स्वीकृतिको लागि प्रक्रिया शुरु गरी घर निर्माण गर्न लागेका घर धनीहरुलाई मात्र वडा कार्यालयहरुले विद्युत, खानेपानी तथा अन्य सुविधाको सिफारिश गर्ने । साथै सार्वजनिक, सरकारी प्रति जग्गा अतिक्रमण गरि घर नर्माण गर्न निरुत्साहित गर्ने ।

**निर्णय नं. ११ :**

मिति २०७६।७।४ गतेका दिन पृथ्वी राजमार्ग अन्तर्गत यस नगरपालिकाको वडा नं ५,६र ७ को सिमांनामा रहेको भिमादचोकमा सडक विस्तारका लागि नगरप्रमुखको अध्यक्षतामा माननीय सांसदहरु समेतको बृहत भेलाको गरेको निर्णय वमोजिम पृथ्वी राजर्मांग विस्तारमा अवरोध पूर्याएका विद्युत पोल सारी सडक विस्तार तथा मोड सुधार कार्य गर्ने ।

**निर्णय नं. १२ :**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना इकाई को पत्रानुसार निजी आवास पूनर्निर्माण कार्य समयमा नै सम्पन्न गर्न लाभग्राही र सम्वन्धित प्राविधिकहरुलाई वडा कार्यालयबाट ताकेता गर्ने ।

**निर्णय नं. १३ :**

चालु आ.व.का. योजना/कार्यक्रमहरु नगर सभाबाट तोकिएको समयमा सम्पन्न गर्न उपभोक्ता समिति गठन, प्राविधिक ल.ई., योजन सम्झौता कार्यको तालिका निर्माण गर्ने, सवै योजना/कार्यक्रमको उपभोक्ताबाट हुने नगद योगदान नगरपालिकाको खातामा जम्मा गर्ने र प्राविधिक ल.इ. गरी सम्झौता गरेपछि मात्र योजना निर्माण कार्य शुरु गर्ने ।

**निर्णय नं. १४ :**

इलाका प्रहरी कार्यालय, बेलचौतारमा जडान भएको CCTV कक्षा निर्माण गर्नका लागि आन्तरिक आयबाट व्यहोर्ने गरी ल.ई वमोजिमको रु ३६८६९८। विनियोजन गर्ने ।

**निर्णय नं. १५ :**

संघ संस्था सहयोग कार्यक्रमबाट देहाय वमोजिम रकम विनियोजन गर्ने

क. निजामति सेवा दिवस, २०७६ को अवसरमा जिल्ला स्तरिय विभिन्न कार्यक्रम सञ्चालन गर्दा लागेको खर्च रु १७,३४०।

ख. दुग्ध उत्पादक सहकारी संघको दमौली तनहुमा भएको राष्ट्रिय सम्मेलन गर्न रु १००००।

प्रमुख

Scanned by CamScanner

प्रमुख

**निर्णय नं. १६ :**

पुनरावेदक वादी निलकण्ठ सुवेदी र प्रतिवादी साविक खैरेनीटार गा.वि.स. को कार्यालय खैरेनीटार हाल शुक्लागण्डकी नगरपालिका दुलेगौडा समेत भएको निर्णय बदर हक कायम दर्ता सदर राखी चलन चलाई पाउ भन्ने मुद्दा हाल सम्मानित उच्च अदालत पोखरामा मुद्धाको कारबाही अगाडि बढीरहेको सम्बन्धमा यस कार्यालयको तर्फबाट मुद्धामा प्रतिरक्षा गर्नका लागि वडा नं. ७ का वडा अध्यक्ष श्री रामबहादुर क्षेत्री थापालाई अख्तियारी दिने ।

**निर्णय नं. १७ :**

संवत २०७६ साल कार्तिक २२ गते शुक्रबार हरिबोधनी एकादशी /तुलसी विवाह तिथीका दिन शुक्लागण्डकी नगरपालिकामा अवस्थित प्रसिद्ध सेती नदीमा हिन्दु बैदिक परम्पराअनुसार धार्मिक उत्सव मनाईने हुदा सो दिन यस नगरपालिका,नगरपालिका अन्तर्गतका कार्यालयहरु तथा सम्पुर्ण शैक्षिक संस्थाहरुमा सार्वजनिक विदा दिने ।

प्रमुख

शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुलेगौडा, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner